नेपाल सरकार
गृह मन्त्रालय
# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

टेलिफोनः ४२०००१४, ४२११५६३, ४२००८९४, ५९७०११२
टोल फ्रि: १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्याः ०८२/८३
च.नं. १४२५

मितिः २०८३/०१/१४
नेपाल सम्बत ११४६, वछलाथ्व, सोमबार

श्री जिल्ला प्रशासन कार्यालय (सबै),
श्री इलाका प्रशासन कार्यालय (सबै),
श्री राष्ट्रिय परिचयपत्र विवरण दर्ता इकाई (सबै) ।

**विषयः अनलाईन मार्फत राजश्व भुक्तानी सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ को नियम १३ को उपनियम (३) बमोजिम राष्ट्रिय परिचयपत्रको प्रतिलिपि दस्तुर रु.५००।- लिनुपर्ने प्रावधान रहेको छ । राष्ट्रिय परिचयपत्रको प्रतिलिपको लागि सेवाग्राहीहरूले भौतिकरूपमा बैंकमा उपस्थित भई विभागबाट तोकिएको खातामा जम्मा गराई बैंकबाट प्राप्त भौचर देखाई निवेदन पेश गर्दै आईरहेको विदितै छ ।

यस विभागको https://citizenportal.donidcr.gov.np लाई महालेखा नियन्त्रक कार्यालयको राजस्व व्यस्थापन सूचना प्रणालीसँग अन्तरआवद्ध गरी उक्त दस्तुर अनलाईन मार्फत जम्मा गर्ने र https://nid-revenue-portal.donidcr.gov.np बाट सोको रूजु एवंम् विद्युतीय भौचरलाई एक पटक भन्दा बढि प्रयोग गर्न नमिल्ने गरी अद्यावधिक गर्ने feature सहितको अनलाईन भुक्तानी सेवा कार्यान्वयनमा ल्याउन गइरहेको छ ।

सो व्यवस्थाको कार्यान्वयनका लागि User ID निर्माण गर्नुपर्ने भएको हुँदा तहाँ कार्यालयबाट एक जना रुजु अधिकारी/कर्मचारी तोकि देहायका विवरणहरु उपलब्ध गराईदिनुहुन विभागको मिति २०८३/०१/११ को निर्णयअनुसार अनुरोध छ।

**देहायः**

कर्मचारीको नाम थर, दर्जा
मोबाइल नम्बर
इमेल ठेगाना

(थप जानकारी तथा आवश्यक सहयोग र सहजीकरणका लागि यस विभागको प्रदेशगत Technical Support युनिटमा सम्पर्क गर्नुहुन समेत अनुरोध छ।)

(देव चन्द्र मतौला)
शाखा अधिकृत

**बोधार्थः**

श्रीमान् महानिर्देशकज्यूको सचिवालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग ।
श्री प्रशासन योजना तथा अनुगमन शाखा/सूचना प्रविधि शाखा, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग ।
श्री आर्थिक प्रशासन शाखा, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग ।